भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं
भूकम्पका कारण:
- घर, पुल तथा अन्य संरचना भत्कन सक्छ।
- विद्युत् तथा टेलिफोन सेवा अवरोध हुन सक्छ।
- बाढी, पहिरो तथा आगलागीको जोखिम भई जनधनको क्षति हुन सक्छ।
त्यसैले,
घर, पुल तथा अन्य संरचना बनाउँदा भूकम्पप्रतिरोधी बनाऔं।
घरवरिपरि तथा सार्वजनिक स्थल खुल्ला राखौं।
भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
epraeekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
epraeekdaily.com

❖ वर्ष ३७ ❖ २०८० माघ १८ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 February 01 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १५३

## आकस्मिकबाहेकका सबै सेवा बन्द गरेर विद्यार्थीहरू आन्दोलित

प्रस, वीरगंज, १७ माघ/

नेशनल मेडिकल कलेज शिक्षण अस्पताल, वीरगंजका विद्यार्थीहरूले सेमेस्टरका विद्यार्थीहरूसहित पिजी र इन्टर्नशिपका विद्यार्थीहरू सहभागी भएर चार दिनदेखि सात सूत्रीय मागसहित आरोपसहित आन्दोलन गरेका हुन्। उनीहरूले कलेजमा अध्ययनरत विद्यार्थीहरूका लागि अनिवार्यरूपमा अभिभावकहरूमार्फत विद्यार्थीहरूलाई फुटाउन खोजेको र प्रहरी परिचालन गरेर दमनको नीति अख्तियार गरेको




बुधवारदेखि आकस्मिकबाहेकका सबै सेवा बन्द गरेर आन्दोलन चर्काएका छन्।

विगत चार दिनदेखि सात सूत्रीय मागसहित मूलद्वारमा धर्ना दिएका विद्यार्थीहरूले बुधवार आकस्मिकबाहेक सबै सेवा बन्द गरी अस्पतालभित्रै धर्ना दिएर आन्दोलन चर्काएका छन्। एमबिबिएसमा अध्ययनरत सबै आन्दोलन गर्दै आएका तर उनीहरूको माग सम्बोधन नभएको आक्रोशमा आजदेखि आकस्मिक सेवाबाहेक सबै बन्द गरेको एकजना आन्दोलनरत विद्यार्थीले बताए।

आन्दोलनरत विद्यार्थीहरूले त्रिविबाट सम्बन्धनप्राप्त कलेजले सो मापदण्डविपरीत कार्य गर्दै आएको छात्रावासमा बस्नैपर्ने व्यवस्था खारेज हुनुपर्ने, छात्रावासमा बस्नेहरूलाई अनिवार्यरूपमा क्यान्टिनको खाना खानै पर्ने व्यवस्था खारेज गरिनुपर्ने र कलेजले विभिन्न शीर्षकहरूमा लिंदै आएको शुल्क खारेजी गरिनुपर्ने माग गरेका छन्। आन्दोलनरत विद्यार्थीहरूले कलेज प्रशासनको मागप्रति बेवास्था गरेको, आरोप पनि लगाएका छन्। विद्यार्थीहरूले यसपटकको आन्दोलन आरपार हुने बताए)।

विद्यार्थीहरूले यसअघि कलेज प्रशासनले सहमतिमा आन्दोलन तुहाउने गरेको र माग सम्बोधन नगर्ने गरेकोमा यसपटक माग सम्बोधनविना सम्झौता नगरिने अडान राखेका छन्।

## वन क्षेत्रका बस्तीमा जङ्गली जनावरको आतङ्क

प्रमोद यादव, पंचगावाँ, १७ माघ/

पर्सा राष्ट्रिय निकुञ्ज र राष्ट्रिय वनबाट बाघ निस्केर ग्रामीण बस्तीमा आतङ्क मच्याएको छ। वनबाट जङ्गली जनावरहरू आएर मानवीय, पशुचौपाया, भौतिक संरचना र खाद्यान्न, बालीहरू नष्ट गरिरहेको भन्दै सम्बन्धित निकायको ध्यानाकर्षण



विगत केही सातादेखि बाघले यस क्षेत्रमा आतङ्क मच्याएको छ र यस क्रममा पटेर्वासुगौली–२ मा बाघको आक्रमणबाट ज्यानसमेत गएको छ। हिजो मात्र पटेर्वासुगौली–१ र २ मा बाघको आक्रमणबाट केही पशुचौपाया मरे भने केही घाइते भएका छन्।

पर्सागढी नगरपालिका–७ र ९ एकटाँगामा बाघको आक्रमणबाट सातवटा बाख्राबाख्री मरेको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले जनाएको छ। अहिले पटेर्वासुगौली, सखुवाप्रसौनी गापा र पर्सागढी नपाका बासिन्दाहरू बाघबाट आतङ्कित छन्। यो क्षेत्रमा बाघसँगै हात्तीको आङ्कक पनि बढेको छ। पटेर्वासुगौली गापा– १, २ र ४ मा हात्तीले घरगोठ भत्काउने, खाद्यान्न नष्ट गर्ने, बाली क्षति पुर्‍याउने जस्ता कार्यहरू गरिरहेका छन्। स्थानीयले निकुञ्ज र गराएका छन्। स्थानीयका अनुसार अहिले जङ्गली जनावरको निरन्तर आक्रमणका घटनाले जनता, थरुहट सडकखण्डमा मानिसहरूको आवतजावत पातलिएको छ। राति यो सडकखण्डबाट मानिसहरूले आवतजावत बन्द गरेका छन्।

पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले जिम्मेवार निकाय निकुञ्ज, वन डिभिजन र सुरक्षा निकायलाई जङ्गली जनावरहरू नियन्त्रण गर्न पत्राचार गरेको बताए। उनले जिम्मेवार निकायलाई पत्राचार गरी यथाशीघ्र मानिसहरूको जीउज्यानको रक्षा गर्दै जङ्गली जनावरबाट हुँदै आएका क्षति नियन्त्रण गर्न परिपत्र गरेको बताए। उनले निर्देशन पालना नभए कारबाही गर्ने चेतावनी पनि दिएका छन्।

## मापदण्डविपरीत नदीजन्य पदार्थको उत्खनन

प्रस, निजगढ, १७ माघ/

बाराको जीतपुरसिमरा उपमहानगरपालिकाको खोलामा स्थानीय तहको गैरजिम्मेवारी र ठेकेदार कम्पनीको चरम लापरवाही देखिएसँगै मापदण्ड पूरा गरेर मात्र नदीजन्य पदार्थ उत्खनन, ओसारपोसार र घाटगड्डी गर्न निर्देशन दिइए पनि बालगङ्गा खोलामा स्थलगत निर्देशनलाई बेवास्ता गरेको पाइएको छ।

निर्देशनको पालना नगरी अवैध उत्खनन गरेको सूचना प्राप्त भएसँगै जिल्ला समन्वय समिति बाराको आग्रहमा जिल्ला प्रशासन कार्यालय बाराको निर्देशनमा प्रहरी टोली अवैध उत्खनन रोक्न बालगङ्गा खोलामा पुगेको थियो।

जीतपुरसिमरा उपमहानगरपालिकाका खोलाहरूमा नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती गर्दै ठेक्का लगाएसँगै ठेक्का सकार गर्ने ठेकेदार कम्पनीहरूलाई ठेकेदार कम्पनीलाई खोलामा जान दिइनुअघि नै वातावरणीय परीक्षण प्रतिवेदनका शर्तहरूको पालना गर्नुपर्नेमा सोको एक रती पनि न त स्थानीय तहले, न त ठेकेदार कम्पनीले पालना गरेको नपाइएको अनुगमन टोलीमा रहेका बाराका प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरेले प्रतिक्रिया दिए।

दुधौरा खोलाको पश्चिमी खोला किनारमा नदीजन्य पदार्थ उत्खनन गर्ने र सीधैं ठेकेदारलाई खोलामा पसाएर नदीजन्य पदार्थको ब्रह्मलुट गर्न पठाएको जस्तो देखियो," अनुगमन टोलीका अधिकांश सदस्यले खोलाको स्थलगत वस्तुस्थिति हेर्दै भने। "स्थानीय तहको दादागिरी र मनलाग्दी शुरूमैं देखियो," अनुगमन टोलीका एक सदस्यले आक्रोशित हुँदै भने।

स्थानीय तहले शुरूमैं हदै नाघ्यो। खोलाको ठेक्का लगाइ ठेकेदारलाई कार्यदेशसमेत दिई उत्खनन शुरू गरेपछि स्थानीय तह आफैंले दक्ष प्राविधिकसहितको कर्मचारीद्वारा दैनिक अनुगमन गर्नुपर्नेमा खोलामा जिल्ला अनुगमन टोली पुगेको जानकारी पाएपछि जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख शिवजी प्रसाद र इन्जिनीयर सञ्जीव रूपाखेतीलगायत केही कर्मचारी हतारहतार खोलाको उत्खनन स्थल आएका थिए।

ठेकेदार कम्पनीलाई खोला खन्न कार्यदेश दिएर ठेकेदार कम्पनीले धमाधम खोलामा नदीजन्य पदार्थ उत्खनन गर्दै ओसारपोसार गरिरहँदासम्म पनि जीतपुरसिमरा उपमहानगरपालिकाले जिल्ला समन्वय समिति बारालाई वातावरणीय परीक्षण प्रतिवेदन, ठेक्का सम्झौतालगायतका कागजात उपलब्ध गराएको थिएन। प्रमुख जिल्ला अधिकारीले केही दिन अघि मात्र जिससलाई खोला ठेक्कासम्बन्धी आवश्यक कागजात यथाशीघ्र उपलब्ध गराउन जीतपुरसिमरा उपमहानगरपालिकालाई निर्देशन दिएपछि मात्र कागजात उपलब्ध गराएको बाराका जिल्ला समन्वय अधिकारी आमोद चौधरीले बताए। सो ठेक्का खोल्दासमेत जिसस कार्यालयलाई जानकारी नदिइएको उनले बताए।

पसाहा, बालगङ्गा, दुधौरा खोलामा आठवटा उत्खनन प्वाइन्ट रहेको र प्रत्येक

(बाँकी अन्तिम पातामा)


अनुगमन गर्दै टोली। तस्वीर: जीतलाल श्रेष्ठ/प्रतीक

जिल्ला समन्वय समिति, बाराका प्रमुख नरेन्द्रकुमार साहको नेतृत्वमा मङ्गलवार गएको अनुगमन टोलीले पसाहा, बालगङ्गा, दुधौरा खोलाको स्थलगत अनुगमन गर्दै कडाइका साथ उक्त निर्देशन दिइए पनि जय मातादी कन्सट्रक्सन कलैया उपमहानगरपालिका–१ बाराले अवैधरूपमा बुधवार पनि खोला उत्खनन जारी राखे पनि जिल्ला प्रशासन कार्यालय, बाराको निर्देशनमा प्रहरी टोली बालगङ्गा खोलामा पुगी एउटा एक्साभेटरको साँचो नियन्त्रणमा लिएको जैतापुर प्रहरी चौकीका इन्चार्ज पूर्ण तामाङले बताए। टिपर चालकलगायत अन्य भागेको प्रहरीले जनाएको छ।

उत्खनन कार्यादेश दिई लगभग एक सातादेखि ती तीनवटै खोलाबाट नदीजन्य पदार्थको जथाभावी उत्खनन गरेको पाइएको अनुगमन टोलीको ठहर छ।

खोलाको ठेक्का लगाउने स्थानीय तह जीतपुरसिमरा उपमहानगरपालिकाले उत्खनन क्षेत्रको यकीन र रेखाङ्कन वा कुनै सङ्केत राखी ठेकेदारलाई खोलामा नदीजन्य पदार्थ उत्खनन अनुमति कार्यदेश दिनुपर्नेमा त्यस कार्यको ठीकविपरीत कार्य गरेको पाइएसँगै सो अनुगमन टोलीले तत्कालै नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, ओसारपोसार गर्न रोक लगाएको जिल्ला समन्वय समिति, बाराका प्रमुख नरेन्द्रकुमार साहले बताए।

एक्साभेटर र त्यसको अपरेटरलाई पक्राउ गरी जिल्ला प्रशासन कार्यालय बारालाई लिखित पत्राचार गर्नसमेत प्रजिअ घिमिरेले जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख शिवजी प्रसाद र इन्जिनीयर सञ्जीव रूपाखेतीलाई निर्देशनसमेत दिएका छन्।

खोलाको बीच भागबाट च्यानलाइजेशन हुनेगरी नदीजन्य पदार्थ उत्खनन गर्नुपर्नेमा खोलाको पश्चिमी किनारमा वन क्षेत्रलाई असर गर्नेगरी खनेर पुरेको पाइएको छ।

"स्थानीय तह जीतपुरसिमरा उपमहानगरपालिकाले ठेक्काको नाममा ठेकेदारलाई कार्यादेश दिई करोडौं असुल्ने

## कलेजको लापारवाहीले विद्यार्थीको ज्यान गएको आरोप

प्रस, परवानीपुर, १७ माघ/

यही माघ ७ गते सवारी दुर्घटनामा परी मृत्यु भएका दुईजना विद्यार्थीको सत्यतथ्य छानबीन गर्न परिवारजनले माग गरेका छन्। नेशनल मेडिकल कलेज प्रशासनको लापरवाहीका कारण विद्यार्थीहरूको अकालमा मृत्यु भएको परिवारजनको आरोप छ।

कमजोर सुरक्षा व्यवस्थाका कारण उनीहरू अबेर राति कलेजबाट अर्काको मोटरसाइकल लिएर निस्केको र मोटरसाइकल दुर्घटनामा परी उनीहरूको मृत्यु भएको परिवारजनले बताएका छन्। बारा, सुवर्ण गापा–४ हर्दिया घर भई नेशनल मेडिकलको बिडिएस दोस्रो वर्षमा अध्ययनरत २२ वर्षीय सन्दीप यादव र धनुषा, सबैला–५ घर भई एमबिबिएस दोस्रो वर्षमा अध्ययनरत छात्र सुमित यादवको कलेजको लापारवाहीका कारण मृत्यु भएको परिवारजनले आरोप लगाएका छन्।

उनीहरू अबेर राति बाहिर निस्केको र सोही क्रममा मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको भन्दै कलेज प्रशासनले कडाइ गरेको भए राति होस्टेलबाट उनीहरू निस्कनै नपाउने र घटना नहुने तर्क गरेका छन्। परिवारजनले जिल्ला प्रहरी कार्यालय, पर्सामा किटानी जाहेरी दिएका छन् तर सो जाहेरी अहिलेसम्म दर्ता भने गरिएको छैन। मृतक सन्दीप यादवका काका प्रमोद यादवले घटना भएको भोलिपल्ट नै कलेज प्रशासनलाई विपक्षी बनाएर ज्यानसम्बन्धी जाहेरी प्रहरीमा दिएको तर प्रहरी अधिकारीहरूले दुघर्टनाको घटना भएकोले सोही बमोजिम जाहेरी नल्याएको भनेर अहिलेसम्म दर्ता गर्न नमानेको बताए।

उनले प्रहरीले अनुसन्धान गरेर दोषीमाथि कारबाही गर्ने आश्वासनमा शव बुझेर अन्तिम संस्कार गरिएको तर अहिले घटनाको एक साता बितिसक्दा पनि प्रहरी र कलेज प्रशासनले यस विषयमा आधिकारिक धारणा सार्वजनिक नगरेको भरेर दुःखेसो पोखे। उनले कलेज प्रशासनको कमजोरी भएकोले घटनाका दोषीलाई प्रहरीले कानूनी दायरामा ल्याउन नचाहेको आरोप पनि लगाए।

नेशनल मेडिकल कलेजका प्रिन्सिपल डा केएन सिंहले होस्टेल प्रमुख मनीषकुमार सिंह र सो दिनका सुरक्षागार्ड प्रमुख आजम अन्सारीसँग स्पष्टीकरण सोधेको बताए। उनले दुईजना विद्यार्थी रातिको समयमा बाइक लिएर निस्किंदा सुरक्षागार्डले रोकेको तर जरुरी काम छ भनेर जबरजस्ती बाहिर निस्केको बताएका छन्। उनले घटनापछि राति नौ बजेपछि होस्टेलबाहिर निस्कन निषेध गरिएको बताएका छन्। दुईजना विद्यार्थीको सत्यतथ्य छानबीन गर्न परिवारजनले माग गरेका छन्। नेशनल मेडिकल कलेज प्रशासनको लापरवाहीका कारण विद्यार्थीहरूको अकालमा मृत्यु भएको परिवारजनको आरोप छ।

कमजोर सुरक्षा व्यवस्थाका कारण उनीहरू अबेर राति कलेजबाट अर्काको मोटरसाइकल लिएर निस्केको र मोटरसाइकल दुर्घटनामा परी उनीहरूको मृत्यु भएको परिवारजनले बताएका छन्।

(बाँकी तेस्रो पातामा)

**विचारसार एवं सूक्तिहरू**

**ईश्वर हाम्रा योजनाकार हुन् । उनी पाइलापिच्छे दिन्छन् किनकि उनी हामीलाई हेरेर होइन, विश्वासका साथ हिंडेको देख्न चाहन्छन् ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

## संयोग हो कि नियोजित

**नेशनल मेडिकल कलेज शिक्षण अस्पताल वीरगंजमा अध्ययनरत विद्यार्थीहरू अहिले आन्दोलनमा छन् । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धनप्राप्त यो कलेजका विद्यार्थीहरूको माग त्रिविविको मापदण्ड अनुसार कलेज सञ्चालन होस् भन्ने छ । कलेजमा एमबिबिएस पाँच सेमेस्टर, पिजी र इन्टर्नशिपका गरी करीब साढे छ सय विद्यार्थीले विगत चार दिनदेखि आन्दोलन गर्दै आएका छन् । उनीहरूले कलेज त्रिविविको मापदण्ड बमोजिम सञ्चालन नभएको आरोप लगाएका छन् । त्रिविविको मापदण्ड अनुसार कलेजमा अध्ययनरत विद्यार्थीहरू छात्रावासमा अनिवार्यरूपमा बस्नुपर्दैन । विद्यार्थीहरूको इच्छा अनुसार छात्रावास वा अलग बस्न सक्छन् । यसैगरी, छात्रावासमा बस्ने विद्यार्थीहरूका लागि छात्रावासमा व्यवस्था गरिएको खाजाघरको प्रयोग पनि अनिवार्य हुँदैन । तर नेशनल मेडिकल कलेज शिक्षण अस्पताल वीरगंजमा त्रिविविको यो मापदण्ड पूरा नगरिएको विद्यार्थीहरूको आरोप छ । विद्यार्थीहरूले आफूखुशी छात्रावास र खाजाघरको प्रयोग गर्न पाउने अधिकार दिनुपर्ने माग गरेका छन् । उनीहरूको यो अधिकार दिने कुरामा कलेज अहिलेसम्म उदार बनेको छैन । यही विषयमा पटकपटक हुँदै आएको विद्यार्थी आन्दोलनलाई कलेज प्रशासनले विभिन्न हतकण्डाको प्रयोग गरेर तुहाउँदै आएको थियो । कहिले प्रहरी र प्रशासनको आडमा त कहिले अभिभावकहरूको प्रयोग गरेर अनि कहिले सहमतिमा । यसअघिका आन्दोलनमा सबै तहका विद्यार्थीहरूको सहभागिता हुने गरेको थिएन । तर अहिले त्यस्तो छैन र कलेजमा एमबिबिएस, पिजी र इन्टर्नशिप गरी सबै तहका विद्यार्थीहरू आन्दोलनमा होमिएका छन् ।**

**उनीहरूले यसपटकको आन्दोलनबाट आफ्नो अधिकार सुरक्षित गरिछाड्ने दृढता लिएका छन् । छात्रावास, खाजाघरका साथै त्रिविविले तोकेको शुल्कबाहेक अतिरिक्त शुल्क कलेज प्रशासनले लिएको आरोपसहित सात सूत्रीय माग विद्यार्थीहरूले अघि सारेका छन् । कलेजको छात्रावासमा बस्दै आएका दुईजना छात्रको केही दिन अघि दुर्घटनामा मृत्यु भएको विषय पनि अहिलेको आन्दोलनको एउटा कारण बनेको छ । छात्रावासमा बस्दै आएका दुईजना युवकहरू रातीको समयमा छात्रावासबाट बाहिरिएका उनीहरूको मोटरसाइकल दुर्घटनामा ज्यान गएको थियो । छात्रावास प्रशासन र सुरक्षागार्ड यस घटनाको जवाफदेही हुनुपर्छ । तर कलेज प्रशासनले स्पष्टीकरण मात्र सोधेर गम्भीर प्रकृतिको यो अपराधलाई ढाकछोप गर्ने प्रयत्न गरेको देखिन्छ । मृतक विद्यार्थीका परिवारजनले पनि कलेज प्रशासनलाई घटनामा दोषी देखाउँदै आएको छ र प्रहरीमा किटानी जाहेरी छ । तर प्रहरीले अहिलेसम्म परिवारले दिएको किटानी जाहेरी दर्ता गरेको छैन ।**

**नेशनल मेडिकल कलेज शिक्षण अस्पताल वीरगंजमा यी समस्याहरू अहिले यस प्रकारबाट चर्काइएको छ कि यतिखेर कलेज व्यवस्थापनको विषयलाई लिएर सञ्चालक दाजुभाइबीचमा कानूनी लडाइँ शुरू भएको छ । सुरुआतदेखि नेशनल मेडिकल कलेज दाजु अध्यक्ष र भाइ प्रबन्ध निर्देशक [redacted]को हो । महीना दिनअघि नेपाल [redacted] निर्देशकसमेतको जिम्मेवारी नेशनल [redacted] दाजु आफैंले लिनु अनि परिवारमा [redacted] बखत नेशनल मेडिकल कलेजमा [redacted] मात्र हो कि नियोजित खोजको [redacted]**

# जङ्गली पशु यदि समस्या भएको हो भने...

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**अब समय आइसकेको छ कि सबै किसिमका जङ्गली जनावरलाई जङ्गलमैं रोकेर तिनको जीवनयापन सरल बनाई मानव बस्तीलाई जङ्गली जनावरको डरबाट मुक्त पारी दुवै पक्षका लागि अनुकूल वातावरण बनाउने । यदि यस्तो गर्न सकियो भने यो देशकै लागि वरदान हुनेछ ।**

पोखराको एउटा वडा कार्यालयले बाँदर नियन्त्रण गर्न वरपरको रूख कटान गर्ने सूचना जारी गरेपछि एक किसिमको हल्लीखल्ली नै मच्चियो । महानगरपालिकाले सूचनामा रोक लगायो तर यसले एउटा बहसलाई भने बिराम दिन सकेन । बाँदरको आतङ्क जतातते भइरहेको खबर झन् आयो । रूख यदि काट्ने हो भने काठमाडौंको कुनै कुनामा बाँदर बिजुलीको तारैतार हिंड्ने गरेको र घरको छतमा रजाइँ गर्दै गरेको कुरोसम्म आयो । केही समय पहिले त बाँदरको आतङ्कले किसानहरूले बाली लगाउन नै छाडेको पनि समाचार आएको थियो, कतैको । जङ्गल नभएको ठाउँमा पनि बाँदरको उपस्थिति बाक्लो भएका केही क्षेत्रहरू छन् । रौतहटको गरुडा नगरपालिकाको गरुडा गाउँकै छेउमा रहेको एउटा बगैंचाको आसपासमा तीन चार सय बाँदरको समूह छ । वर्षौंदेखि यस समूहले बालीनाली तथा फलफूल उत्पादनमा निकै असर पारिरहेको छ । यसलाई नियन्त्रण गर्न विभिन्न मन्त्री तथा वन कार्यालय र नगरपालिकालाई औपचारिक अनौपचारिक आग्रह गरिसकेको तर कतैबाट नियन्त्रणको उपाय नगरिंदा किसानहरू निकै निराश छन् । बाँदरले नखाने बाली त लगाउँछन् तर फलफूलको आस भने किसानलाई हुँदैन । यसै कारण त्यसको आसपासका किसानले फलफूल खेती गर्न चाहँदैनन् । अर्को महत्त्वपूर्ण कुरो बाँदरको आतङ्क बढी भएको क्षेत्रमा भने खेत वा जमीनको भाउ अन्यत्रको भन्दा कम छ । सितिमिति कसैले जमीन किन्ने आँट गर्दैन । जमीनमा बाली लगाउन पनि सकिंदैन र चाहेको बेला बिक्री पनि गर्न सकिंदैन भने त्यस्तो जमीन के कामको ? यसरी किसानहरूले निराशा व्यक्त गर्न थालेका छन् । वास्तवमा बाँदरको उपस्थिति बढी भएको ठाउँमा सर्वसाधारणले यस्तै भोगाइ बेहोर्नुपर्छ । उनीहरू आजित भइसकेको हुनुपर्छ ।

हात्तीले घर भत्काउने, बाघले बस्ती नजीक आएर मानिस तथा पशुपक्षीमाथि आक्रमण गर्ने, नीलगाई (घोडगदहा)ले बालीनालीमा क्षति पुऱ्याउने, बँदेल (बनैया सुगर)ले खेतीपाती बर्बाद पार्नेजस्ता समाचारहरू निरन्तर आइरहन्छन् । अनि, मानिसले पशुपक्षीको क्षेत्रमा अतिक्रमण बढाएको, मानिसले पशुपक्षीको हिंड्ने बाटो, खाने खाना तथा जीवनशैलीमाथि हस्तक्षेप गरेकोले मानिसमाथि पनि जङ्गली पशुपक्षीहरू आक्रामक भएका हुन् भन्ने विश्लेषण हुने गरेका छन् । यस्ता विश्लेषणहरूले सबै दोष पशुकै छ भन्ने देखाउन खोजिएको हुन्छ । तर, पर्साको एउटा समाचारमा यो पनि जनाइएको थियो कि मानिसले जङ्गल क्षेत्रलाई हड्पेर आफ्नो क्षेत्र बनाएको र खेती गरेको पाइएको थियो । गत वर्ष रौतहटमा पनि यस प्रकारको एउटा ठूलो समाचार आएको थियो कि जङ्गल क्षेत्र हड्पेर ठूलो पोखरी बनाइएको थियो र जङ्गलको क्षेत्रलाई आफ्नो खेतमा मिसाएर धेरै वर्षदेखि भोगचलन गरिरहेको थियो । यसरी सम्भव भएसम्म मानिसले जङ्गलको क्षेत्रमा अतिक्रमण गरेर जङ्गलको जीमन आफ्नो बनाई खेती वा अन्य प्रयोजनमा प्रयोग गरिरहेका छन् । जब मानिसले यसरी गर्न थाल्छ, तब जङ्गलको वास्तविक क्षेत्र साँघुरिन्छ । जहाँ पशुहरू हिंडडुल गर्न अभ्यस्त छन्, त्यहाँ त यस प्रकारको हस्तक्षेपले साँच्चीकै तिनको जीवनमा पनि हस्तक्षेपको वातावरण बन्दछ । यसरी जङ्गली जनावर यदि वर्षको एक दुईपटक आउँछन् वा एक दुई वर्षमा आउँछन् भने तिनले देखेको आफ्नो क्षेत्र उजाड पाउँदा, आफ्नो ठाउँ पुग्दा अझ अगाडिको बस्तीमा सजिलै प्रवेश गर्दछन् । वा आफ्नो क्षेत्र खाली भएर नयाँ किसिमको बाली लगाएको देख्दा त्यसलाई आफ्नो परम्परागत खाद्यपदार्थ ठानी उपभोग गर्न खोज्दा हुन्, जसले गर्दा मानिसले आफ्नो बालीनाली जङ्गली जनावरले खाएको आरोप लगाउन सजिलो भएको हुनुपर्छ ।

अरू पनि किसिसमका समस्याहरू जङ्गली जनावरले गर्दा भइरहेको समाचारमा आइरहेका हुन्छन् । यसको विकल्पमा मानिसले रातभर जाग्राम बस्ने, बाजा बजाएर जनावर धपाउने, आगो बाल्ने आदि पनि गर्ने गरेका छन् । अझ, कतिपय ठाउँका मानिसले खेतीपाती नै छाड्ने, घर नै छाड्ने गरेको पनि सुनिएको छ । मानिस नै विस्थापित हुने अवस्था आउनु निकै दुःखपूर्ण अवस्था हो । यसै गरी जङ्गली जनावरले मानिसमाथि आक्रमण गर्नु, अङ्गभङ्ग गर्नु तथा क्षति पुऱ्याउनु पनि त्रासद नै हो । जङ्गली जनावरले मानिसलाई यदि सताएको हो भने अर्थात् जङ्गलको जमीनमा वा जङ्गली जनावरको जीवनमा मानिसले हस्तक्षेप नगरेको हो भने फरक किसिमले सोच्नुपर्ने भएको छ । जङ्गली जनावरविनाको जङ्गल त कल्पना पनि गर्न सकिंदैन र मानव बस्तीलाई पनि एकैचोटि कतै सारिहाल्न मिल्दैन । यस अवस्थामा जङ्गल र मानव बस्तीबीच एउटा दूरी कायम गर्नुपर्ने देखिन्छ । मानिसको बस्ती पनि जहाँको तहीं रहने तथा जङ्गल पनि जहाँको तहीं रहने अवस्थामा जङ्गल र मानव बस्तीबीच दूरी कायम गर्ने उपाय भनेको जङ्गल छेउमा पर्खाल लगाउने हो, तारबार लगाउने हो । तार र पर्खालमा जुन चाहिं सजिलो पर्छ वा जुन चाहिं अनुकूल पर्छ, त्यो गर्नुपर्छ । यसकारण गर्नुपर्छ कि मानिस जङ्गल प्रवेश नगरून् र जङ्गलको छेउमैं मानवको बस्ती रहे पनि सामान्यतया कुनै जनावरलाई तार वा पर्खाल पार गरेर जान सजिलो नहोस् । तार वा पर्खाल देखावटी वा औपचारिक हुनुभएन । वास्तवमा यो यस्तो होस् कि यसलाई भत्काउन वा हटाउन सजिलो नहोस् । अझ मानिस र जनावर दुवैलाई लागोस् कि यहाँबाट उता आफ्नो सिमाना छैन । अर्थात्, दुवैलाई एक किसिमको सीमामा बाँध्न सक्ने बलियो मानसिक पर्खाल पनि बनोस् ।

जङ्गली पशु मानिसको लागि वा बस्तीको लागि समस्या भएको हुन सक्छ वा जङ्गली जनावरको लागि मानिस वा मानिसको बस्ती पनि समस्या भएको हुन सक्छ । मानिसले जङ्गलमाथि अनावश्यक हस्तक्षेप गरिरहेको हुन सक्छ र जङ्गली जनावरबाट मानिस पनि प्रभावित भइरहेको हुन सक्छ । यदि बलियो गरी दोहोरोतेहोरो तार लगाउने वा दुईचार हात्तीले पनि भत्काउन नसक्ने र सयौं वर्ष टिक्ने किसिमको पर्खाल पनि बनाउन सकियो भने यस किसिमको हस्तक्षेपलाई सदाको लागि अन्त्य गर्न सकिन्छ । यति मात्र होइन, यसले त वन विनाशमाथि पनि विजय प्राप्त हुने देखिन्छ । यो प्रक्रिया केही झन्झटिलो र केही आलोचनात्मक पनि हुन सक्छ तर यसले वनलाई चारैतिरबाट भइरहने अतिक्रमण रोक्न सक्छ । साथै जैविक विविधता संरक्षण, पर्यावरण संरक्षण र वातावरणमा यस कार्यले अत्यन्तै बहुमूल्य योगदान दिन सक्छ । यस किसिमको प्रयास नेपालमा हुँदै नभएको होइन । कतिपय ठाउँमा सामुदायिक वनले वनको सीमा घेराबेरा गरी छुट्याएर अलग्गै पारेको देखिएको छ । चारैतिरबाट जनावरको पनि प्रवेश रोकिएपछि यस किसिमले सुरक्षित र संरक्षित वनले साँच्चीकै अकल्पनीय वा अतुलनीय विकास पाएको पनि छ । त्यसपछि वनलाई हानि वा नोक्सानी नहुने गरी समूहले फाइदा लिन सक्छ, लिएको पाइएको पनि छ । वन संरक्षण गर्नेहरू पुरस्कृत तथा सम्मानित पनि भएका छन् । हाम्रो देशले वन संरक्षणबाट फाइदा पनि लिएको पाइएको छ ।

अब समय आइसकेको छ कि सबै किसिमका जङ्गली जनावरलाई जङ्गलमै रोकेर तिनको जीवनयापन सरल बनाउने र मानव बस्तीलाई जङ्गली जनावरको डरबाट मुक्त पारी दुवै पक्षलाई आफ्नो सीमामा बस्न अनुकूल वातावरण बनाउने । यदि यस प्रकारले काम गर्न सकियो भने यसलाई देशको लागि वरदान नै मान्न सकिन्छ ।

# लोककल्याणकारी विज्ञापनबारे मिडिया काउन्सिल विधेयकमा स्पष्ट व्यवस्था हुनुपर्ने

काठमाडौं, १७ माघ/रासस

मिडिया काउन्सिल विधेयकका विषयमा समाजवादी प्रेस सङ्गठन नेपालले ध्यानाकर्षण भएको बताएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले हालको प्रेस काउन्सिल ऐन, २०४८ लाई विस्थापन गर्न मस्यौदा गरेको मिडिया काउन्सिल विधेयकले देशभरका पत्रपत्रिका तथा सञ्चारमाध्यमले पाउने लोककल्याणकारी विज्ञापनबारे प्रस्ट व्यवस्था नगरिएको भन्दै समाजवादी प्रेस सङ्गठनले ध्यानाकर्षण गराएको हो ।

"सञ्चारमाध्यमले पाउँदै आएको लोककल्याणकारी विज्ञापन र त्यसबापतको रकम खारेज गर्नुहुँदैन । पत्रपत्रिका, रेडियो, टेलिभिजनलाई मात्र होइन, त्यस्तो सुविधा अनलाइन सञ्चारमाध्यमले पनि पाउनुपर्छ भन्ने सङ्गठनको प्रस्ट मान्यता छ ।" सङ्गठनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "विज्ञापन बजार फितलो भई मिडिया सङ्कटमा परेको बेला राज्यले अपनत्व लिई सञ्चारमाध्यमलाई अनुदान बढाउनुपर्नेमा कानून ल्याएर भइरहेकै सुविधा पनि खोस्न खोज्नु गलत र मूर्खतापूर्ण निर्णय हुनेछ ।"

प्रेस काउन्सिलमा रहेको पत्रपत्रिका वितरण सम्परीक्षण समितिलाई सबै सञ्चारमाध्यम समेट्ने गरी संशोधन गरिनुपर्ने सङ्गठनको माग छ ।

नेपाली सञ्चारमाध्यम र सांसदहरूको सुझावलाई बेवास्ता नगर्न आग्रह गर्दै सङ्गठनका अध्यक्ष विश्वमणि सुवेदीले जारी गरेको विज्ञप्तिमा विधेयकलाई अघि नबढाउन सरकारसमक्ष माग गरिएको छ ।



**मौलिक घर:** बागलुङको ढोरपाटन शिकार आरक्ष क्षेत्रमा बनेका काठ, माटो र ढुङ्गाले बनेका मौलिक घर । पछिल्लो समय ढोरपाटन उपत्यका क्षेत्रमा मौलिक घर मासिन थालेका छन् । तस्बिरः डम्मर बुढामगर/रासस

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

## अन्तर्राष्ट्रिय समाचार

# जापानलाई उछिन्दै चीन विश्वको सबैभन्दा ठूलो सवारी निर्यातकर्ता

टोकियो, १८ माघ/एएफपी

जापान अटोमोबाइल म्यानुफ्याक्चरर्स एशोसिएशन (जामा)को तथ्याङ्क अनुसार गत वर्ष चीनले जापानलाई उछिन्दै विश्वको सबैभन्दा ठूलो सवारी निर्यातकर्ता बनेको छ ।

चीनले सन् २०२३ को शुरूदेखि नै मासिकरूपमा जापानले भन्दा बढी सवारीसाधन निर्यात गर्दै आएको थियो र बुधवार सार्वजनिक समग्र तथ्याङ्कमा र वर्षको तुलनामा ५७ प्रतिशतले वृद्धि भएको जानकारी गराएको छ ।



जापानले सन् २०२३ मा ४४ लाख २० हजार सवारीसाधन निर्यात गरेको तथ्याङ्कले देखाएको छ । चाइना एशोसिएशन अफ अटोमोबाइल म्यानुफ्याक्चरर्स (सिएएएम)ले यसै महीना सार्वजनिक गरेको रिपोर्ट अनुसार चीनले निर्यात गरेको ४९ लाख १० हजारको तुलनामा यो सङ्ख्या करीब पाँच लाखले बढी हो ।

यद्यपि चीनको भन्सार विभागले निर्यात सङ्ख्या ५२ लाख २० हजार पुगेको चीनले जापानभन्दा बढी सवारीसाधन निर्यात गरेको देखिएको छ ।

हालैका वर्षहरूमा विद्युतीय कारहरूमा ठूलो लगानीका कारण चीनको कार उत्पादन क्षेत्र ठूलो मात्रामा फस्टाएको छ । यसबाट जापानी फर्महरूलाई चुनौती थपिएको छ ।

जापानी निर्माताहरूले लामो समयदेखि हाइब्रिड कार उत्पादनको शर्त राखेका छन् । हाइब्रिड कार जापानी प्रसिद्ध उत्पादन टोयटा प्रियसको जस्तै ब्याट्री पावर र आन्तरिक दहन इन्जिनबाट चल्ने कार हुन् ।

चिनियाँ कम्पनी बिवाइडीले यसै महीना टेस्लाको सबैभन्दा बढी विद्युतीय सवारीसाधनको बिक्रीको रेकर्डलाई तोडेको छ । यसले बढ्दो क्षेत्रको लागि बेइजिङको बलियो सरकारी समर्थनलाई पूँजीकृत गरेको छ ।

सन् १९९५ मा ब्याट्री निर्माताको रूपमा स्थापना भएको बिवाइडीले पछि प्लग–इन हाइब्रिड र इलेक्ट्रिक वाहनहरू उत्पादन गर्न आफ्नो ध्यान केन्द्रित गरेको छ ।

शेन्जेन क्षेत्रलाई मुख्य बजार बनाएको बिवाइडीले चीन र युरोपमा मूल्यमा टेस्लासँग प्रतिस्पर्धा गर्छ । रासस

# पूर्वप्रम खान र उनकी पत्नीलाई भ्रष्टाचारको अभियोगमा १४ वर्ष जेल सजाय

इस्लामाबाद, १७ माघ/एएफपी

पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खान र उनकी पत्नी बुशरा बिबीलाई भ्रष्टाचारको अभियोगमा बुधवार १४ वर्षको जेल सजाय सुनाइएको छ ।

राष्ट्रिय निर्वाचनको एक साताअघि खानलाई राज्यको गोप्य सूचना चुहावटसम्बन्धी मुद्दामा १० वर्षको जेल सजाय सुनाइएको एक दिनपछि यो फैसला आएको हो ।

पिटिआईका संस्थापक तथा पूर्वप्रधानमन्त्री खान र उनकी पत्नीलाई १० वर्षसम्म कुनै पनि सार्वजनिक पद धारण गर्न अयोग्य घोषित गरिएको छ भने उनलाई ७८ करोड ७० लाख पाकिस्तानी रुपैयाँ जरिवानासमेत गरिएको छ ।

एआरवाई न्यूजका अनुसार बुधवारको सुनुवाइमा पिटिआईका संस्थापक बिबीलाई अदालतमा पेश गरिएको थियो ।

खानको पाकिस्तान तेहरीक–ए–इन्साफ (पिटिआई) पार्टीका प्रवक्ताले भने, “हाम्रो न्यायिक प्रणालीलाई भत्काइँदैछ। यो पाकिस्तानको इतिहासमा अर्को दुःखद दिन हो ।”

गत अगस्तमा पक्राउ परेदेखि अधिकांश समय हिरासतमा राखिएको जेलभित्र भएको सुनुवाइपछि खानको सजाय लगातार वा सँगसँगै चलिरहने हो वा होइन भन्ने स्पष्ट हुन सकेको छैन ।

खानका वकील सलमान सफदरले पनि एएफपीसँग कुरा गर्दै खान र उनकी पत्नी बिबीलाई सजाय सुनाइएको पुष्टि गरेका छन् । “खान र उहाँकी पत्नी बिबीलाई सजाय सुनाइएको छ। बिबीलाई अहिलेसम्म पक्राउ गरिएको छैन,” सफदरले भने ।

उनीहरूको सन् २०१८ मा खान प्रधानमन्त्री निर्वाचित हुनुभन्दा केही महीनाअघि विवाह भएको थियो ।

खानले आध्यात्मिक मार्गदर्शनका लागि सम्पर्क गर्दा बिबीलाई भेटेको र उनी सार्वजनिकरूपमा विरलै देखिन्छन् ।

करीब १२ करोड ७० लाख पाकिस्तानीले आगामी बिहीवार हुने चुनावको दिन मतदान गर्न पाउनेछन्, जसमा खान र पिटिआई बहसको केन्द्रमा रहेका छन् ।

मतदानमा धाँधलीको आरोप लागेको छ, खानलाई भ्रष्टाचारको अघिल्लो अभियोगबाट भाग्नबाट रोक लगाइएको छ र उनको पार्टीले व्यापक दमनको सामना गर्नुपरेको छ ।

सन् २०२२ मा सत्ताच्युत भएयता खानलाई पाकिस्तानका सैन्य योजनाकारविरुद्ध अवहेलनाको अभियान चलाएपछि उनलाई पुनः सत्तामा फर्कन नदिन अदालती मुद्दाले गाडेको छ ।

खानले आफ्नो कार्यकालको अधिकांश समय साझेदारीमा शासन गरेको शक्तिशाली सेनामाथि अमेरिकासमर्थित षडचन्त्रमा आफूलाई सत्ताच्युत गरेको आरोप लगाएको थियो।

गत वर्षको मे महीनामा खानलाई पहिलोपटक पक्राउ गर्दा देशभर दङ्गा भड्किएको थियो ।

उनको सडक आन्दोलन एक सैन्य दमनद्वारा निष्क्रिय पारिएको थियो, जसमा हजारौं पिटिआई समर्थकहरूलाई हिरासतमा लिइएको थियो । जसमध्ये सयौंले बन्द ढोकाभित्र सैन्य सुनुवाइको सामना गरिरहेका छन् र दर्जनौं वरिष्ठ नेताहरूलाई भूमिगत हुन बाध्य पारिएको छ ।

“हरेक अन्यायको बदला फेब्रुअरी ८ मा आफ्नो भोटबाट लिनुपर्छ,” खानले सामाजिक सञ्जाल एक्स (ट्वीटर)मा आफ्नो प्रोफाइलमा पोस्ट गरेको सन्देशमा भनेका छन्, “तिनीहरूलाई मतदानमार्फत जवाफ दिनुहोस्, हामी लौरोले लखेट्न सकिने भेंडा होइनौं ।” रासस


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


# नवजान र खनाल स्मृति पुरस्कार प्रदान गर्ने निर्णय

प्रस, वीरगंज, १७ माघ/

बाराबाट प्रकाशित कृपा दैनिक पत्रिकाले स्थापना गरेको नवजान स्मृति पुरस्कार तथा चन्द्रप्रसाद खनाल स्मृति पत्रकारिता पुरस्कार रौतहटका पत्रकार फणी महत तथा सर्लाहीका पत्रकार ओमप्रकाश ठाकुरलाई प्रदान गर्ने निर्णय गरेको छ । रु ५० हजार राशिको यो पुरस्कार पत्रकार महत र ठाकुरलाई जनही रु २५ हजार प्रदान गरिने कृपा दैनिकका कार्यकारी सम्पादक कृष्णउदास खनालले बताए ।

यसैगरी, कार्यकारी सम्पादक खनालका पिता चन्द्रप्रसाद खनालको नाममा स्थापित १० हजार राशिको चन्द्रप्रसाद खनाल स्मृति पत्रकारिता पुरस्कार बाराका महिला पत्रकार शारदा पोखरेललाई पुरस्कृत गर्ने निर्णय भएको कृपा दैनिकका सम्पादक गोकुल घोरसाइनेले बताए ।

कृपा दैनिकका प्रधानसम्पादक नवराज उपाध्यायको निधनले गर्दा यो पुरस्कार विगत दुई वर्षदेखि वितरण हुन सकेको थिएन। कृपा दैनिकको २०औं वार्षिकोत्सव फागुन ५ गते पुरस्कार वितरण गरिने संस्थापक सम्पादक कमलकुमार उपाध्यायले बताए ।

# बजार व्यवस्थापनबारे व्यापारीहरूसँग अन्तर्क्रिया



प्रस, सिम्रौनगढ, १७ माघ/

घरेलु तथा सना उद्योग कार्यालय, बाराको आयोजनामा बुधवार उद्योग वाणिज्य सङ्घ सिम्रौनगढ नगरपालिकाको सभाहलमा बजार विस्तारबारेमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

उद्योग वाणिज्य सङ्घ सिम्रौनगढका अध्यक्ष लालबाबूप्रसाद कुशवाहाको अध्यक्षतामा भएको अन्तर्कियामा सहभागी स्थानीय व्यापारीहरूलाई बजार व्यवस्थापनमा नगरपालिकाको भूमिका, व्यापारी, उपभोक्ता अधिकार र कर्तव्य, विभिन्न प्रकारका कर एवं घरेलु उद्योगधन्धाका बारेमा जानकारी गराइएको थियो ।

कार्यक्रममा घरेलु तथा साना उद्योग कार्यालय, बाराका प्रमुख धर्मेन्द्रलाल कर्ण, कर अधिकृत पप्पुकुमार गुप्ता, मुकेश यादव, उपभोक्ता हकहित संरक्षण मञ्चका अरुण खनालले सहभागीहरूलाई सोबारेमा जानकारी गराएका थिए ।

# काफ्ला बाबाहरूको बिदाइ



नरेश यादव, पर्सागढी, १७ माघ/

बहुदरमाई नगरपालिका–६ गम्हरियामा माघी महाकुम्भ कवरथुवा काफ्ला विटोर महायज्ञ सम्पन्न भएको छ । वडाध्यक्ष प्रमोद साहले आयोजना गरेको मघानी विटोर महायज्ञमा भवानीपुर काफ्ला सङ्घ सहभागी थियो। हिजोदेखि शुरू महायज्ञमा करीब पाँच सय बाबा सहभागी थिए । उनीहरूका लागि हिजो रातभर भजनकीर्तनको आयोजना गरिएको थियो । वडाध्यक्ष साहले बुधवार बाबाहरूलाई गम्छा, धोती, कुर्ता, रुद्राक्ष र प्रशंसापत्रसहित बिदाइ गरे । उनले प्रत्येक वर्ष काफ्लामा गइरहेका तर हाल अशक्त भएर सहभागी हुन नसकेका बाबाहरूलाई पनि सम्मान गरेका थिए । बिदाइ कार्यक्रम काफ्ला सङ्घका जमदार मदनप्रसाद कुर्मीको अध्यक्षतामा भएको थियो भने स्वागत पूर्व प्रदेशसभा सदस्य राजेश्वरप्रसाद साहले गरेका थिए ।

# प्रशासकीय अधिकृतद्वारा विद्यालय अनुगमन

प्रस, वीरगंज, १७ माघ/

पकाहामैनपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत उदयशङ्कर चौधरीले रामचरित्र भगत माविको अनुगमन गरेका छन् ।

अनुगमनको क्रममा उनले विद्यालयमा पठनपाठन, शिक्षकहरूको उपस्थिति, शैक्षिक सामग्रीको पर्याप्तता आदि विषयमा जानकारी लिएका थिए ।

प्रमुख प्रशासकीय अधिकृत चौधरीले पठनपाठनको क्रममा आउने समस्याहरू, शिक्षक दरबन्दीको विषय, शैक्षिक सामग्रीहरूको पर्याप्तताका विषयमा पालिकाले आवश्यक सहयोग पुऱ्याउने बताए ।

उनले विद्यालयबाट एसइईमा ‘ए’ ग्रेडमा उत्तीर्ण हुने विद्यार्थीहरूलाई पालिकाले पुरस्कृत गर्ने घोषणा गरे । उनले एसइईका लागि आवश्यक तयारीका लागि कोचिङ र अभ्यास परीक्षा सञ्चालन गर्न निर्देशन दिएका थिए ।



## कलेजको ...

बारा, सुवर्ण गापा–४ हर्दिया घर भई नेशनल मेडिकलको बिडिएस दोस्रो वर्षमा अध्ययनरत २२ वर्षीय सन्दीप यादव र धनुषा, सबैला–५ घर भई एमबिबिएस दोस्रो वर्षमा अध्ययनरत छात्र सुमित यादवको कलेजको लापरवाहीका कारण मृत्यु भएको परिवारजनले आरोप लगाएका छन् ।

उनीहरू अबेर राति बाहिर निस्केको र सोही क्रममा मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको भन्दै कलेज प्रशासनले कडाइ गरेको भए राति होस्टेलबाट उनीहरू निस्कनै नपाउने र घटना नहुने तर्क गरेका छन् । परिवारजनले जिल्ला प्रहरी कार्यालय, पर्सामा किटानी जाहेरी दिएका छन् तर सो जाहेरी अहिलेसम्म दर्ता भने गरिएको छैन । मृतक सन्दीप यादवका काका प्रमोद यादवले घटना भएको भोलिपल्ट नै कलेज प्रशासनलाई विपक्षी बनाएर ज्यानसम्बन्धी जाहेरी प्रहरीमा दिएको तर प्रहरी अधिकारीहरूले दुर्घटनाको घटना भएकोले सोही बमोजिम जाहेरी नल्याएको भनेर अहिलेसम्म दर्ता गर्न नमानेको बताए ।

उनले प्रहरीले अनुसन्धान गरेर दोषीमाथि कारबाही गरिने आश्वासनमा शव बुझेर अन्तिम संस्कार गरिएको तर अहिले घटनाको एक साता बितिसक्दा पनि प्रहरी र कलेज प्रशासनले यस विषयमा आधिकारिक धारणा सार्वजनिक नगरेको भनी दुःखेसो पोखे। उनले कलेज प्रशासनको कमजोरी भएकोले घटनाका दोषीलाई प्रहरीले कारबाहीको दायरामा ल्याउन नचाहेको आरोप पनि लगाए ।

नेशनल मेडिकल कलेजका प्रिन्सिपल डा केएन सिंहले होस्टेल प्रमुख मनीषकुमार सिंह र सो दिनका सुरक्षागार्ड प्रमुख आजम अन्सारीसँग स्पष्टीकरण सोधेको बताए । उनले दुईजना विद्यार्थी रातिको समयमा बाइक लिएर निस्किंदा सुरक्षा गार्डले रोकेको तर जरुरी काम छ भनेर जबरजस्ती बाहिर निस्केको बताएका छन्। उनले घटनापछि राति नौ बजेपछि होस्टेलबाहिर निस्कन निषेध गरिएको बताएका छन् ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – उदरपीडा | वृष – विजय |
| मिथुन – धनलाभ | कर्कट – भाग्योदय |
| सिंह – बेचैनी | कन्या – धनलाभ |
| तुला – सफलता | वृश्चिक – प्रगति |
| धनु – रोगभय | मकर – यात्रालाभ |
| कुम्भ – शत्रुपराजय | मीन – सुसमाचार |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# पालिकास्तरीय रणनीतिक योजना निर्माण अभिमुखीकरण

दिनेश मिश्र, वीरगंज, १७ माघ/

युनिसेफको सहयोगमा पोखरिया नगरपालिकाले जन्मदर्ता, विद्यालय भर्ना तथा बालविवाहविरुद्धको अभियान अन्तर्गत नगरपालिकास्तरीय रणनीतिक योजना निर्माणसम्बन्धी अभिमुखीकरण कार्यक्रम बुधवार सम्पन्न गरेको छ ।



बालबालिका जन्मेपछि जन्मदर्ता गराउने, ३५ दिनभित्र जन्मदर्ता गरेमा शुल्क नलाग्ने, जन्मदर्ता गर्न सूचकले निवेदन कसरी दिने, आफू बसेको पालिकाको कार्यालय वा वडा कार्यालयमा तोकिएका स्थानीय पञ्जिकाधिकारी समक्ष आवश्यक कागजात जन्मदर्ता गर्ने र जन्मदर्ताको प्रमाणपत्र प्राप्त गर्ने, आमा र बुबा तथा परिवारका प्रमुख व्यक्ति जन्मदर्ताको सूचक हुन सक्ने, आमाबुबा वा एकाघरका परिवार, कानूनत सूचक नभएको अवस्थामा सम्बन्धित पालिका प्रमुख सूचक बनी जन्मदर्ता गर्न सकिने जानकारी गराइएको थियो ।

यसैगरी, आमा सूचक बनेर बुबाको ठेगाना नभएको बेहोरा जनाएर पनि आमाको नामबाट जन्मदर्ता गर्न सकिने जानकारी गराइएको थियो । नेपालमा जन्मेको प्रमाणपत्र राखी विदेशी नागरिकको जन्मदर्ता गर्न सकिने तर यसको लागि नेपालमा राजदूतावास वा महावाणिज्य दूतावासले उपलब्ध गराएको ट्राभल डकुमेन्टको आधारमा नेपाली आमाबाट विदेशमा जन्मेका तर बुबा नखुलेका बालबालिकाको हकमा आमा सूचक भएर जन्मदर्ता गर्न सकिने जानकारी गराइएको थियो ।

त्यस्तै, कारागारमा रहेको प्रमाणित कागजातको आधारमा कारागारमा जन्मेको बच्चाको जन्मदर्ता गर्न सकिने युनिसेफकी सिर्जना नेपालले बताइन् ।

बालविवाहको सन्दर्भमा पालिका र वडास्तरीय बजेट विनियोजन गरी जनचेतना फैलाउनुका साथै नीति नियम बनाएर यसमा हँदैसम्म रोक लगाउन सकिने उनले बताइन् ।

कार्यक्रमका प्रमुख अतिथि पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहानले नगरपालिकाले आवश्यक सबै सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले बालविवाह समाजमा अभिशाप बनेको र यसलाई रोक्न सकेनौं भने भयावह स्थिति सिर्जना हुन सक्ने चेतावनी दिए । उनले बालविवाहले स्वास्थ्यसम्बन्धी विभिन्न समस्या निम्त्याउने भएकाले सजग हुन जरुरी रहेको चर्चा गरे ।

कार्यक्रममा उपप्रमुख रुबी ठाकुर, निमित्त प्रमुख प्रशासकीय अधिकृत अजय श्रीवास्तव, सामाजिक शाखा प्रमूख कौशेलन्द्र मिश्र, वडा अध्यक्ष, सचिव, सदस्यहरु, प्रध्यानाध्यपक ओमप्रकाश रौनियार, पोखरिया युवा समाजलगायतको सहभागिता थियो ।


## आगो वा हिटर प्रयोगमा होशियारी अपनाऔं ।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नुभन्दा अगाडि आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरूममा ग्याँस गिजरको प्रयोग नगरौं, गर्नै परेमा भेन्टिलेशन खुला राखौं ।
- झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यानसमेत जान सक्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**मापदण्ड ...**

प्वाइन्टबाट दैनिक तीन सय घनमिटर नदीजन्य पदार्थ उत्खनन गर्नेगरी वातावरणीय परीक्षण प्रतिवेदन वन तथा वातावरण निर्देशनालयबाट स्वीकृत भएको हुनुपर्ने खोलाको अनुगमनको जिम्मेवारी पाएको स्थानीय तह जीतपुरसिमरा उपमहानगरपालिकाका इन्जिनीयर सञ्जीव रूपाखेतीले प्रतिक्रिया दिए । स्वीकृत प्रतिवेदनमा प्रत्येक खोलाबाट जतिसुकै उत्खनन प्वाइन्ट भएपनि दैनिक तीन सय घन मिटरभन्दा बढी नदीजन्य पदार्थ उत्खनन, ओसारपोसार, घाट गड्डी गर्न नपाइने स्पष्ट उल्लेख छ । महानगरपालिकाको आडमा इन्जिनीयर रूपाखेतीको समेत मिलेमतोमा ठेकेदारले नदीजन्य पदार्थ उत्खनन गरेको आशङ्का छ ।

स्थानीय तह जीतपुरसिमरा उपमहानगरपालिकाले लगाएको नदीजन्य पदार्थ अन्तर्गत पसाहा खोलाको ३७ लाख १३ हजार ८०२ घनफिट नदीजन्य पदार्थको लागि ठेक्का न्यूनतम रकम मूअकरसहित तीन करोड २५ लाख २३ हजार ६२३ रुपैयाँ तोकिएकोमा सोमन सप्लार्यस जीतपुरसिमरा उपमहानगरपालिका–१८ ले मूअकरसहित चार करोड दुई हजार, बालगङ्गा खोलाको २६ लाख ५३ हजार ०५६ घनफिट नदीजन्य पदार्थको लागि ठेक्का न्यूनतम रकम मूअकरसहित दुई करोड ३८ लाख ३३ हजार ७२९ रुपैयाँ तोकिएकोमा जय मातादी कन्स्ट्रक्सन, कलैयाले मूअकरसहित चार करोड १६ लाख ९६ हजार ९९८ रुपैयाँ ८७ पैसा र दुधौरा खोलाको १८ लाख ७३ हजार ५०९ घनफिट नदीजन्य पदार्थको लागि ठेक्का न्यूनतम रकम मूअकरसहित एक करोड ६८ लाख ३० हजार ६७० रुपैयाँ तोकिएकोमा सन्देश सप्लार्यस जीतपुरसिमरा उपमहानगरपालिका–२ ले मूअकरसहित दुई करोड ४९ लाखमा ठेक्का सकार गरेको जनाएको छ ।

उक्त अनुगमन टोलीमा जिसस अध्यक्ष नरेन्द्रकुमार साह, बाराका प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरे, राष्ट्रिय अनुसन्धान कार्यालय बाराका प्रमुख अभिनय सिंह, जिल्ला प्रहरी कार्यालय बाराका एसपी सुरेश काफ्ले, सशस्त्र प्रहरी सुरक्षा बल बाराका एसपी टोपबहादुर डाँगी, जिल्ला समन्वय अधिकारी आमोद चौधरी, इन्जिनीयर राजेश चौधरीलगायतको टोली रहेको थियो ।


Make your stay with us is a
*memorable experience*



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords Plaza
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## प्याब्सन जुनियर फूटबलको उपाधि साउथजोनले जित्यो

प्रस, वीरगंज, १७, माघ/

प्याब्सन अन्तरविद्यालय जुनियर फूटबल प्रतियोगिताको उपाधि साउथजोन माविले जितेको छ ।

प्याब्सन वीरगंज महानगरको आयोजनामा मधेस प्रदेश विपद् व्यवस्थापन गुल्मको खेलमैदानमा बुधवार सम्पन्न फाइनल खेलमा लिटिल फ्लावर माविलाई एकका विरुद्ध दुई गोलअन्तरले पराजित गर्दै साउथजोनले उपाधि जितेको हो ।




साउथजोनका कप्तान रितिक चौधरी र आयुष चौरसियाले एक/एक गोल गरेका थिए । रितिक चौधरीले पहिलो गोल गरेर साउथजोनलाई अग्रता दिलाएका थिए भने लिटिल फ्लावरका साहिल आलमले गोल फर्काएर बराबरी गरेका थिए । त्यसपछि साउथजोनका आयुष चौरसियाले गरेको गोल आजको फाइनल खेलको निर्णायक भयो । फाइनल खेलको 'म्यान अफ दी म्याच' साउथ जोनका राहुल पञ्जियार भए ।

प्रतियोगितामा मनकामना मावि तेस्रो भयो । आजै भएको खेलमा सफल एकेडेमीलाई शून्यका विरुद्ध एक गोलअन्तरले मनकामना मावि तेस्रो घोषित भएको हो । यस खेलको 'म्यान अफ दी म्याच' मनकामनाका प्रिन्स मगर घोषित भए ।

प्रतियोगितामा साउथजोनका अङ्कित महतो उत्कृष्ट खेलाडी घोषित भए भने सफल एकेडेमीका विकेन्द्र चौधरी उत्कृष्ट गोलकीपर, लिटल फ्लावरका सवियो मगर उत्कृष्ट मिडफिल्डर र साउथजोनका रितिक चौधरी सर्वाधिक गोलकर्ता घोषित भए ।

विजेता, उपविजेता र उत्कृष्ट खेलाडीहरूलाई समापन समारोहका प्रमुख अतिथि वीरगंज महानगरपालिकाका शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्ण, विशिष्ट अतिथि मधेस प्रदेश विपद् व्यवस्थापन गुल्मकी प्रमुख, प्रहरी निरीक्षक प्रमिला श्रेष्ठ, खेलप्रेमी दिनानाथ रौनियार, प्रेस चौतारी पर्साका अध्यक्ष तुलसी भण्डारी, प्रेस सेन्टरका केन्द्रीय सदस्यद्वय नीरज पिठाकोटे र कृष्णउदास खनाल, एन प्याब्सन पर्साका अध्यक्ष रामराज श्रेष्ठलगायतले शिल्ड, मेडल र प्रमाणपत्र वितरण गरेका थिए ।

प्याब्सन पर्साका अध्यक्ष पुरन प्रधान, प्याब्सन वीरगंज महानगरका अध्यक्ष आलोक चौरसियाको अध्यक्षतामा सम्पन्न समापन समारोहमा भूतपूर्व फूटबल खेलाडी दिनानाथ रौनियार र मनोज भट्टराईलाई दोसल्ला ओढाएर सम्मानपत्रबाट सम्मानित गरिएको थियो ।

## श्रीस्टार क्लब पोखरा गोल्डकपको उपाधिनजीक

कास्की, १७ माघ/रासस

पोखरामा जारी पोखरा गोल्डकप फूटबलमा श्रीस्टार क्लब प्रतियोगिताको उपाधि नजीक पुगेको छ । वैकल्पिक खेलाडीका रूपमा दोस्रो हाफमा मैदान प्रवेश गरेका दीपेश घलेले गरेको एकमात्र निर्णायक गोलले श्रीस्टारलाई उपाधि नजीक पुऱ्याएको हो ।

पोखरा रङ्गशालामा बुधवार सम्पन्न सेमिफाइनलको पहिलो खेलमा श्रीस्टारले जावलाखेल युवा क्लबमाथि १–० को साँघुरो जीत निकाल्दै प्रतियोगिताको फाइनलमा प्रवेश गर्न सफल भयो । खेलको ७८औं मिनेटमा दीपेशले प्रहार गरेको बल पोस्टमा लाग्दै गोलमा परिणत भएको थियो । 'म्यान अफ दी म्याच' घोषित निर्णायक गोलकर्ता घले ६७औं मिनेटमा मैदान प्रवेश गरेका थिए ।

पहिलो हाफको खेलमा दुवै टोलीबाट कुनै पनि गोल हुन सकेन । दोस्रो हाफमा दुवैले आक्रामक खेलका थिए । श्रीस्टार प्रतियोगिताको सफल टोली हो । श्रीस्टारले हालसम्म पाँचपटक प्रतियोगिताको उपाधि जितिसकेको छ । जारी प्रतियोगितामा श्रीस्टारले प्रिक्वाटरफाइनलमा आयोजक सहारा र क्वाटरफाइनलमा भुटानको पारो एफसीमाथि जीत निकालेर सेमिफाइनलमा पुगेको थियो । जावलाखेलले प्रिक्वाटरफाइनलमा मच्छिन्द्र र क्वाटरफाइनलमा मनाङ मर्स्याङ्दीलाई हराएको थियो ।

खेलपछिको पत्रकार सम्मेलनमा विजेता श्रीस्टारका प्रशिक्षक विक्रम लामाले काउन्टर अट्याकमा गोल गर्ने रणनीति सफल भएको बताए । "जावलाखेल कम्बाइन टोली हो । त्यसैले सोही अनुसार रणनीति बनाएका थियौं । त्यसमा सफल भयौं," उनले भने । फाइनलमा आजको खेलका कमीकमजोरी हटाउँदै उपाधि जित्ने गरी खेल्ने लामाको भनाइ थियो ।

जावलाखेलका प्रशिक्षक नरेश थापाले खेलाडीले निकै उत्कृष्ट खेल खेलेको बताए । पराजित भएपनि टोलीको प्रदर्शनबाट आफू सन्तुष्ट रहेको उनले उल्लेख गरे ।

प्रतियोगिता अन्तर्गत बिहीवार नेपाली सेनाको त्रिभुवन आर्मी क्लब र चर्च ब्वाइज युनाइटेड क्लबका बीच दोस्रो सेमिफाइनलको खेल हुने आयोजक सहारा क्लब पोखराका अध्यक्ष केशवराज बरालले जानकारी दिए । भोलिको विजेताले उपाधिका लागि श्रीस्टारसँग प्रतिस्पर्धा गर्नेछ ।

माघ ९ गतेदेखि सञ्चालन भएको प्रतियोगिताको फाइनल खेल माघ २० गते हुनेछ । च्याम्पियन टोलीले रु १२ लाख एक हजार नगदसहित ट्रफी पुरस्कार प्राप्त गर्नेछ । उपविजेता टोलीलाई रु छ लाख एक हजार नगदसहित ट्रफी प्रदान गरिने क्लबले जनाएको छ ।

## नेपाल बङ्गलादेशसँग पराजित

काठमाडौं, १७ माघ/रासस

आइसिसी यू–१९ विश्वकप क्रिकेट प्रतियोगिता अन्तर्गत सुपर सिक्सको आफ्नो पहिलो खेलमा नेपाल बङ्गलादेशसँग पाँच विकेटले पराजित भएको छ । जीतको लागि १७० रनको सामान्य लक्ष्य पछ्याएको बङ्गलादेशले २६औं ओभरमा पाँच विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो ।

बङ्गलादेशका लागि अरिफुल इस्लाम र जिसान आलमले अर्धशतक प्रहार गरे । अरिफुलले ३८ बलमा अविजित ५९ रन जोडे । उनले सात चौका र दुई छक्का प्रहार गरे । जिसानले ४३ बलमा छ चौका र दुई छक्कासहित ५५ रन बनाए । उस्हिकुर शिब्लीले १६, चोद्हुर रिजवानले १५ र अहर्र अमिनले १० रन बनाए । नेपालका लागि स्पिनर सुभाष भण्डारीले पाँच विकेट लिए ।

यसअघि दक्षिण अप्रिकाको माङ्गाउग ओभलमा टस जितेर पहिला ब्याटिङ रोजेको नेपालले ४९ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै १६९ रनको योगफल तयार पारेको थियो ।

नेपालका लागि विशालविक्रम केसीले सर्वाधिक ४८ रन बनाएका थिए । उनले एक सय बलमा छ चौकाको मदतले सर्वाधिक ४८ रनको योगदान गरेका थिए । यसैगरी, कप्तान देव खनालले ३५, सुवास भण्डारीले अविजित १८ र अर्जुन कुमालले १४ रन बनाए ।

बङ्गलादेशका लागि रहमत ब्रोसनले चार विकेट लिए बने शेख परवेज जीवनले तीन विकेट झारे । क्वाल इमोन र मारुफ मृदले समान एक/एक विकेट लिए । अब नेपालले शुक्रवार भारतसँग खेल्नेछ ।

विभिन्न पाँच विधामा उत्कृष्ट खेलाडीले जनही रु २५ हजारका दरले पुरस्कार पाउनेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले एक थान स्कूटर पाउने आयोजकले जनाएको छ ।